जानकारी पत्र

SAFE
HOMES
FAMILIES
COMMUNITIES

# हिंसा प्रयोग गर्ने मानिसका लागि मद्दत तथा सहायता

*अष्ट्रेलियामा परिवारिक तथा यौन हिंसा कुनै पनि परिस्थितिमा सहिँदैन। पारिवारिक हिंसा तथा यौन आक्रमण घरमै भए भने पनि तिनीहरू अपराध हुन्।*

अष्ट्रेलियामा जन्मेको होस् वा अन्य मुलुकबाट अष्ट्रेलिया आएर बसेका हुन् सबै मानिसको सुरक्षित रहने तथा त्रास तथा हिंसाबाट स्वतन्त्र भएर जिउने अधिकार हुन्छ।

अष्ट्रेलियाको कानुनले महिला तथा पुरूषलाई समानरूपमा व्यवहार गर्छ। सबैजनाको सकारात्मक तथा सुरक्षित सम्बन्धको अनुभव गर्ने अधिकार हुन्छ।

## पारिवारिक हिंसा

पारिवारिक हिंसा एक अपराध हो। पति वा पार्टनरलाई उनीहरूको श्रीमती वा पार्टनरप्रति हिंसात्मक हुनु कानुनको विरूद्ध हुन्छ।

पारिवारिक हिंसा अन्तर्गत आक्रमण, यौन आक्रमण, धम्की, जबर्जस्ती, सन्त्रास, मौखिक गाली, अपहरण, पछ्याउनु वा त्यस्ता खाले कोशिस गर्ने जस्ता हिंसात्मक व्यवहारहरू पर्छन्।

पारिवारिक हिंसा शारीरिक हिंसाभन्दा पनि ठूलो हो र यस अन्तर्गत आर्थिक दुरूपयोग, भावनात्मक दुरूपयोग, पारिवारिक हिंसा आदेशको उल्लंघन तथा सम्पत्तिको क्षति जस्ता व्यवहारहरू पर्छन्।

पारिवारिक हिंसाको उदाहरणमा निम्न पर्छन्:

- तपाईंको पत्नी वा पार्टनरलाई धम्की दिने, उनीहरूको अष्ट्रेलियामा रहने अधिकारबारेमा धम्की दिने।
- उनीहरूलाई झम्टिने, हिर्काउने, घाँटी न्याक्ने, लात्ती हान्ने वा मुक्का हान्ने।
- उनीहरूमा वस्तुहरू फ्याँक्ने
- उनीहरूलाई कसलाई भेट्न सक्ने र उनीहरूले के गर्न सक्ने भनेर रोकटोक गर्ने
- तपाईंसँग यौन कृयाकलाप गर्नका लागि उनीहरूलाई दबाब दिने
- साथी तथा परिवारबाट उनीहरूलाई अलग्याउने
- पैसा वा वित्तिय मामलामा उनीहरूको पहुँचलाई बञ्चित गर्ने

## यौन हिंसा

यौन हिंसामा थुप्रै प्रकारका नचाहेका, मञ्जरी नभएका, चोटग्रस्त तथा जोखिमपूर्ण यौन व्यवहारहरू पर्छन् र साथै यौन उत्पीडन, छुने, जबर्जस्ती र बलात्कारजस्ता यौन आक्रमण पर्छन्। यौन आक्रमण एक अपराध हो।

## सहायता, मद्दत तथा जानकारी पाउने

तपाईं आफ्नो पार्टनर तथा परिवारका बीच सुरक्षित रहन आवश्यकत परिवर्तन ल्याउन सहयोग गर्ने मद्दत तथा सहायता उपलब्ध छन्।

यदि तपाईंले चिनेको कोही मानिसको व्यवहारका बारेमा चिन्तित हुनुहुन्छ भने जानकारी, मद्दत तथा सहायता प्रदान गर्ने सेवाहरू पनि उपलब्ध छन्।

# सहायता सेवाहरू

सहायता सेवालाई सम्पर्क गर्नका लागि मद्दत गर्न यदि तपाईं दोभाषे चाहिन्छ हुन्छ भने अनुवाद तथा दोभाषे सेवा (Translating and Interpreting Service (TIS)) लाई 131 450 मा फोन गर्नुहोस्।

सबै फोनहरू निःशुल्क तथा गोप्य हुन्छन्।

**आकस्मिक अवस्थामा 000 (तीन शुन्य) मा फोन गर्नुहोस्**

पुरूषको सिफारिश सेवा (Men's Referral Service)
**1300 766 491** *२४ सै घण्टा उपलब्ध छ स्थानीय सेवाका लागि टेलिफोन परामर्श, लाइभ कुराकानी, जानकारी तथा सिफारिश। फोन गर्नेहरूले बेनामी रहन सक्छन्।* www.ntv.org.au

पुरूष संलग्न नयाँ रणनीतिक कार्यक्रम (Men Engaging New Strategies Program)
**1300 364 277** *सोमबारदेखि शुक्रबारसम्म, बिहान ९ बजे देखि साँझ ५ बजे सम्म। आमाबाबुद्वारा दुरूपयोग भएमा पुरूषहरूका लागि अष्ट्रेलिया तास्मानिया सम्बन्धहरू (Relationships Australia Tasmania) द्वारा सञ्चालित कार्यक्रम।*

उत्पन्न समानताको (Engender Equality)
**(03) 6278 9090** *सोमबारदेखि शुक्रबार सम्म, बिहान ९ बजे देखि साँझ ५ बजे सम्म। हिंसा प्रयोग गर्ने महिला लगायतका लागि परामर्श तथा सहायता।* www.engenderequality.org.au

पुरूषलाइन अष्ट्रेलिया (MensLine Australia)
**1300 789 978** *२४ सै घण्टा उपलब्ध भावनात्मक स्वास्थ्य तथा सम्बन्धमा चिन्तित पुरूषहरूका लागि टेलिफोन तथा अनलाइन परामर्श सेवा। www.mensline.org.au*

परिवार तथा यौन हिंसा कहिले पनि ठीक हुँदैन।

यदि तपाईं वा तपाईंले चिनेको कोही ब्यक्ति परिवार हिंसाबाट प्रभावित छ भने घरमा सुरक्षित परिवार हिंसा प्रतिकृया तथा सिफारिश लाइन (Safe at Home Family Violence Response and Referral Line) लाई 1800 633 937 मा फोन गर्नुहोस्।

यदि तपाईं वा तपाईंले चिनेको कोही ब्यक्ति यौन हिंसाबाट प्रभावित हुनुहुन्छ भने,

राज्यस्तरीय यौन आक्रमण संकट लाइन (Statewide Sexual Assault Crisis Line) लाई **1800 697 877** मा फोन गर्नुहोस्।

आकस्मिक अवस्थामा सधैं **000** मा फोन गर्नुहोस्

# थप जानकारी

अष्ट्रेलियामा आउने महिला तथा पुरूषहरूलाई सहायता गर्नका लागि थप जानकारी (पारिवारिक हिंसाका सम्बन्धमा अष्ट्रेलियन कानुनबारेमा जानकारीलगायत) ४६ भाषाहरूमा **www.dss.gov.au/family-safety-pack** मा उपलब्ध छ।